प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# कर्णाली प्राविधिक शिक्षालय
चन्दननाथ - ३, जुम्ला

फोन नं : ०८७५१०००३
ईमेल : kts.jumla.np@gmail.com

पत्र संख्या : २०८३।०८४
चलानी नं :

मिति: २०८३।०६।१७

कर्णाली प्राविधिक शिक्षालय जुम्ला स्थापना :२०३७

## सिलबन्दी दरभाउपत्र आहानको सुचना

(प्रथम पटक प्रकाशित सूचना मिति : २०८३।०६।१७)

यस शिक्षालयको चालु आ.व. २०८३/०८४ को लागि सुरक्षा गार्ड सेवा प्रयोजनार्थ कम्पनी करारमा लिनका लागि शिलबन्दी दरभाउपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित कार्यमा ७ वर्षको कार्यानुभव भएको नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिस्टर्ड फर्म, संस्था, कम्पनीबाट निम्न सर्तहरूको अधीनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

कामको विवरण : शिक्षालय सुरक्षा गार्ड आपूर्ति सम्बन्धमा ।

**सर्तनामाहरु :**

- शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरू (Sealed Quotation Document) खरिद गर्न चाहने इच्छुक रजिस्टर्ड फर्म तथा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि, मू.अ. कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि, फर्म नवीकरण गरेको आ.व. २०८२।०८३ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि, नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, एक प्रति दरभाउपत्र फाराम सहितको प्रतिलिपि, बैंक ग्यारेन्टी पत्रको भौचर सहितको प्रतिलिपि र लिखित निवेदन साथ संलग्न राखी दरभाउपत्र खरिद बापत यस शिक्षालयको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड जुम्ला शाखाको आर्जन खाता ४०३०१०००१०२२६००१ मा रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा नगदी रसिदबाट फाराम खरिद गर्न सकिनेछ ।
- यस शिक्षालयबाट खरिद गरिएका फारामहरू नियम अनुसार भरी शिलबन्दी खामको बाहिर कामको विवरण, शिलबन्दी दरभाउपत्र नम्बर, शिलबन्दी दरभाउपत्रको नाम र ठेगाना लेखी कार्यालयलाई सम्वोधन गरी ७ औं दिनमा दिनको १२:०० बजेसम्म यस शिक्षालयमा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे शिलबन्दी दरभाउपत्र दाता वा निजको मन्जुरीनामा सहितको प्रतिनिधि, र शिक्षालय प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- सुरक्षा गार्डको सेवा सुविधा श्रम ऐन २०७४ तथा श्रम नियमावली २०७५ वमोजिम हुनेछ ।
- शिलबन्दी दरभाउपत्र सर्त रहित केरमेट नभएको कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्ट (BOQ) मा कुनै थपघट द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याइएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ ।
- दरभाउपत्रमा दर अङ्क र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरबीच फरक परेमा अक्षरमा नलेखिएकोलाई मान्यता दिइने छैन । दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्र दाताको सहीछाप हुनुपर्नेछ । म्याद नाघि आएका र रीत नपुगेका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
- एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्था कम्पनीको नाममा खरिद गरी पेश गर्न पाइने छैन ।
- शिलबन्दी दरभाउपत्र खरिद वा दर्ता गर्ने कम्पनीले दरभाउपत्रमा उल्लेख गरिएको कामको सम्बन्धमा राम्रोसंग बुझी भरेमा शिलबन्दी दरभाउपत्र बुझेको मानिनेछ ।

Scanned with CamScanner

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
# कर्णाली प्राविधिक शिक्षालय
चन्दननाथ - ३, जुम्ला

फोन नं : ०८७५९०००३
ईमेल : kts.jumla.np@gmail.com

पत्र संख्या : २०८३।०८४
चलानी नं :

मिति: २०८३।०६।१७

- दरभाउपत्र स्वीकृति गर्ने, रद्द गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस शिक्षालयमा सुरक्षित रहनेछ ।
- सूचनामा उल्लेख नभएका विषयहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।
- शिलबन्दी दरभाउपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो कार्यहरू बिदाको अर्को दिन कार्यालय खुलेको दिन कार्यालय समयमा हुनेछ ।
- कम्पनी ७ वर्ष अनुभब भएको र आ.व. २०८२/०८३ मा कम्तीमा पनि १५ वटा कार्यालयको सुरक्षा गार्डको सेवा दिइएको सिफारिस पत्र पेश गनुपर्नेछ । साथै यो आर्थिक वर्षमा बढी भन्दा बढी कार्यालयमा सुरक्षा सेवा दिइएको कम्पनीलाई प्राथामिकता दिइनेछ ।

नोट: यस सँग सम्बन्धित थप जानकारी लिनुपरेमा शिक्षालयको प्रशासन शाखामा मोवाईल नम्वर ९८५८३२२०५५ मा सम्पर्क राख्नुहोला ।

शिक्षालय प्रमुख

Scanned with CamScanner